भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा

## आशयपत्र माग गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७६।०२।३२ गते**

**दोश्रो पटक प्रकाशित मिति : २०७६।०३।.......... गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बिच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत यस झापा जिल्लामा सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत आप्रवासी श्रोत केन्द्र (सूचना तथा परामर्श केन्द्र) सञ्चालन गर्ने तथा भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, दमक नगरपालिका र गौरीगञ्ज गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने सिलसिलामा सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक नेपालको प्रचलित नियमानुसार झापा जिल्लामा दर्ता भएका संघ, संस्था एवं कम्पनीहरुबाट आशयपत्र पेश गर्नका लागि मिति २०७६।०२।३२ मा प्रथम पटक सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्रमा पर्याप्त आशय पत्रहरु पेश हुन नआएकोले यस अघि दर्ता भएका आशयपत्रहरुलाई कायम राखी यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्रमा आशयपत्र पेश गर्न हुन पुनः आह्वान गरिएकोछ ।

योग्यता पुगेका इच्छुक संस्थाहरुले कार्यालय समयमा भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भद्रपुरमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, भद्रपुर नगरपालिकाको वेबसाइटमा (bhadrapurmun.gov.np) मा राखिएको छ । आशय पत्र दाताको योग्यता तथा अन्य कुराहरु प्रथम पटक प्रकाशित सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

२०७६/३/१६

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत